मिति -२०८२/०५/०५ गते (बिहिबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष

बैठक संख्या -५१ समय - बिहान- ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | श्री हेम प्रसाद आचार्य | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |

| | | | | |
|---|---|---|---|---|
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोख्रेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**कार्यपालिकाको ५१ औं बैठकका प्रस्तावहरुः**

१. ५० औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।

२. भूमि वर्गीकरणका लागि मापदण्ड स्वीकृति सम्बन्धमा।

३. फेवा सिल्टेशन प्रा.लि.बाट पेश भएको IEE स्वीकृत गर्ने सम्बन्धमा।

४. "घ" वर्गको इजाजत पत्र सम्बन्धमा।

५. सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालित आयोजना सम्बन्धमा।

क. फोहोरमैला प्रशोधन केन्द्र सम्बन्धी आयोजनाको सम्झौता गर्ने सम्बन्धमा।

ख. सेती क्यान्योन प्रा.लि.बाट प्रस्तुत डेभिड फल्समा निर्माण हुने पर्यटन पूर्वाधारको डि.पि.आर स्वीकृत गर्ने सम्बन्धमा।

ग. फेवा सिल्टेशन प्रा.लि.बाट पेश भएका विभिन्न माग सम्बन्धमा।

घ. सा.नि.सा अन्तर्गत परियोजना सञ्चालन गर्न ईच्छुक संघ/संस्थाबाट प्राप्त अवधारणा पत्र सम्बन्धमा।

ङ. सा.नि.सा अन्तर्गत सञ्चालन गर्न सकिने डि.पि.आर भएका परियोजनाहरुको आशय पत्र/प्रस्ताव माग गर्ने सम्बन्धमा।

च. विन्दावासिनी बसपार्कको स्तरोन्नति गर्न ADB को ई मोबिलिटीमा समावेश गर्ने सम्बन्धमा।

६. राष्ट्रिय बीमा कार्यक्रमबाट महानगरमा प्राप्त हुने रकमबाट कर्मचारी व्यवस्थापन सम्बन्धमा।

क. शिशुवा अस्पताल/शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, वडा नं ८

ख. वडा नं १७ र २५ मा बीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा।

७. वडा नं ११ को रानीपौवा चोकको सडकमा परेको घर/जग्गा, वडा नं १३, वडा नं २५ र वडा नं २६ मा सडक मापदण्डमा परेका घर/जग्गाको क्षतिपूर्ति रकम सम्बन्धमा।

८. नेपाल मगर बौद्ध सेवा समाज जिल्ला परिषद् कास्कीलाई जग्गाको संरक्षण र उपयोग गर्ने गरी १ रोपनी पर्ति जग्गा उपलब्ध गराउने सम्बन्धमा।

९. वडा नं १ को गुठिघारी सडक स्तरोन्नति आयोजनाको सुविस्ताका आधारमा ठेक्का सम्झौता रद्ध गर्ने सम्बन्धमा।

१०. वडा नं २५ मा उत्खनन् तथा कृषिक्षेत्र विस्तार कार्यसूची सम्बन्धमा।

११. पोखरा ३३, चवादी सुरौदी खोला पुल निर्माण ठेक्काको Third Party Verification गर्ने सम्बन्धमा।

१२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको दफा १६ बमोजिम समिति गठन गर्ने र बालमैत्री कार्यक्रम गर्न वडा छनौट गर्ने सम्बन्धमा।

१३. पोखरा-२९, भण्डारढीक स्थित सार्वजनिक जग्गामा बहुउद्धेश्यीय रंगशाला निर्माण सम्बन्धमा।

१४. विविध।

क. उप सचिव(दशौं) श्री मनहर कडरियाको विदेश भ्रमण स्वीकृति सम्बन्धमा।

ख. कर्मचारीबाट माग भएको असाधारण विदा सम्बन्धमा। (प्राविधिक सहायक सन्तोष सुवेदी र ज.स्वा.नि.विष्णु पौडेल)

ग. अमिर भण्डारी समेत ३ जनाको तह वृद्धि सम्बन्धमा।

घ. कृषि उपजको न्युनतम समर्थन मूल्य कायम गर्ने। (खर्बुजा)

ङ. विपद् व्यवस्थापन कार्यमा प्रयोग भएका ह्युमपाइपको खरिद रकम रु २० लाख कोषबाट भूक्तानी सम्बन्धमा। (वडा नं ३२)

...ृत अधिकृत

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**५१औं कार्यपालिका बैठक(मिति २०८२/०५/०५) का निर्णयहरुः**

**निर्णय नं. १**

५०औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं. २**

भू उपयोग ऐन, २०७६ र नियमावली, २०७९(संशोधन सहित) मा भएको प्रावधान बमोजिम जगगाको वर्गीकरण गर्ने सम्बन्धमा छलफल हुँदा महानगरपालिकाको मुख्य सडक/राजमार्गको रुपमा तोकिएका मुख्य सडकको दायाँ बायाँ बढीमा २५ मी. क्षेत्रलाई व्यापारिक/व्यवसायिक क्षेत्र र मुख्य सडकसँग जोडिएका सहायक मार्गको दायाँबायाँको क्षेत्रलाई आवासीय क्षेत्र निर्धारण गर्ने र यसपूर्व महानगरपालिकाबाट कृषि क्षेत्र र गैरकृषि क्षेत्रको वर्गीकरण सम्पन्न भएको र कृषि क्षेत्रमा वर्गीकरण भएको जग्गा अन्य क्षेत्रमा परिवर्तन गरिदिन महानगरपालिकामा निवेदन पेश गर्ने निवेदकहरु र पूर्ववत वर्गीकरणमा पुनरावलोकन गर्नुपर्ने भएमा १५ दिनको सूचनाको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत निवेदन संकलन गर्ने निर्णय गरियो । पूर्व प्राप्त निवेदन र संकलित निवेदनहरु मापदण्ड बमोजिमको अवस्था पूरा भएमा तोकिएको अन्य क्षेत्रमा वर्गीकरण गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.३**

महानगरपालिका र फेवा सिल्टेशन प्रा.लि. वीच भएको सम्झौता बमोजिम फेवा सिल्टेशन प्रा.लि.ले पोखरा महानगरपालिका अन्तर्गतको फेवातालको ४ वटा स्रोतखोलामा बनेका सिल्टेशन ट्र्यापबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा(नदीजन्य पदार्थ) संकलन तथा निकासी गर्ने कार्यका लागि तयार गरी पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन वातावरण तथा विपद् व्यवस्थापन समितिमा छलफल गरी प्राप्त राय सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्न पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

'घ' वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा छानविन एवं जाँचबुझ गरी दर्ताका लागि सिफारिश गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमका फर्म/कम्पनीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची -५ बमोजिमका कागजातहरुका आधारमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने निर्णय गरियोः

क. एन्‌.सी. कन्स्ट्रक्सन प्रा.लि., पोखरा-१
ख. पोखे्रल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., पोखरा-१४
ग. सौरब कन्स्ट्रक्सन एण्ड बिल्डर्स, पोखरा-७
घ. बिल्ड बेटर कन्स्ट्रक्सन प्रा.लि., पोखरा-२५
ङ. ए.ई.सी. सर्भिसेज प्रा.लि., पोखरा-५
च. पूर्वाधार कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि., पोखरा-१६

**निर्णय नं. ५**

पोखरा महानगरपालिकामा सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन हुने परियोजनाहरुको सम्बन्धमा तपशिल बमोजिम निर्णय गरियो ।

क. पोखरा महानगरपालिका र Terrasolve Renewable Nepal Pvt.Ltd. वीच महानगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला प्रशोधन गर्नका लागि फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्ने सम्बन्धमा दुवै पक्षहरु वीच छलफल भई तयार भएको समझदारी पत्रको मस्यौदा (MOU Draft) स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त कम्पनीसँग सम्झौता गर्ने कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ख. महानगरपालिका र सेती क्यान्योन प्रा.लि. वीच भएको सम्झौता बमोजिम पातले छाँगो सिसा पुल निर्माण तथा अन्य पुर्वाधार निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन(DPR) प्रस्तुतीकरण/छलफल पश्चात् प्रस्तुत सुझावहरु समावेश गरी DPR स्वीकृत गर्ने निर्णय गरियो।

ग. सा.नि.सा अन्तर्गत परियोजना सञ्चालन गर्न ईच्छुक संघ/संस्थाबाट प्राप्त अवधारणा पत्र सम्बन्धमा छलफल हुँदा एउटा मात्र अवधारणा पत्र पेश भएकोमा सो संस्था/कम्पनी/फर्मबाट प्रस्ताव/आशय पत्र माग गर्ने र एउटै प्रकृतिको कामका लागि एक भन्दा बढी अवधारणा पत्र पेश भएकोमा त्यस्ता कम्पनीहरुबाट प्रस्ताव माग गरी छनौट प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

घ. सा.नि.सा अन्तर्गत सञ्चालन गर्न सकिने डि.पि.आर भएका परियोजनाहरुको सम्बन्धमा सम्बन्धित फर्म/कम्पनी/संस्थाबाट आशय पत्र/प्रस्ताव माग गर्ने निर्णय गरियो।

ङ. विन्दावासिनी बसपार्क स्तरोन्नतिका लागि एशियाली विकास बैंकको E-Mobility आयोजना अन्तर्गत समावेश गरी कार्यान्वयन अगाडि बढाउन एशियाली विकास बैंकको ई मोबिलिटी आयोजनामा समावेश गरी खरीद प्रक्रिया अघि बढाउन ADB लाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

राष्ट्रिय वीमा कार्यक्रम अन्तर्गत महानगरपालिकामा प्राप्त हुने रकमबाट खर्च व्यवस्थापन हुने गरी शिशुवा अस्पताल, लेखनाथ तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, वडा नं. ८ मा स्वास्थ्य सेवाको चाप र स्वास्थ्यकर्मीको आपूर्ति वीच तादम्यता कायम हुने गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन आवश्यक पर्ने जनशक्ति एकिन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। पोखरा महानगरपालिका वडा नं १७ र २५ मा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत प्रथम सेवा बिन्दुको रुपमा सेवा सुचारु गर्न आवश्यक पर्ने जनशक्ति प्राप्त गर्न र सेवा प्रवाहका सन्दर्भमा सामाजिक विकास समितिमा छलफल गरी प्राप्त राय/सुझाव सहित आगामी कार्यपालिका बैठकमा पेश गर्न स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ७**

पोखरा महानगरपालिका वडा नं ११ अन्तर्गत रानीपौवा चोकको सडकविस्तार तथा सौन्दर्यकरण योजना अन्तर्गतसडक स्तरोन्नति गर्दा पो.म.न.पा वडा नं ११ निवासी कि.नं. ४१ क्षे.फ. २१.४३ वर्गमिटरको जग्गाधनी श्रीकृष्ण बहादुर श्रेष्ठको हकभोगमा रहेको घर सडक मापदण्डमा परेकोले सो घर/जग्गा, वडा नं ७, १३, २५ र २६ को सडक मापदण्डमा परेका घर तथा जग्गाका सम्बन्धमा क्षतिपुर्ति उपलब्ध गराउने सम्बन्धमा छलफल गरी राय/निष्कर्ष सहित सिफारिसमा मिति २०८०/०३/१० को १३औं नगर सभाको निर्णय नं ११ बाट क्षतिपूर्ति रकम सिफारिस गर्न गठित समितिमा छलफल गरी भएको निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालय, कास्कीमा क्षतिपूर्ति रकम एकिन गर्ने सम्बन्धमा प्रक्रिया अगाडि बढाइ दिन यस कार्यालयको मिति २०८०/०८/०६ को पत्रबाट अनुरोध भएकोमा जिल्ला प्रशासन कार्यालय, कास्कीको मिति २०८०/१२/२२ को पत्रबाट क्षतिपूर्ति रकम एकिन नगरीकन सक्कलै फाईल फिर्ता प्राप्त भएकोले पूर्वाधार विकास समितिले प्राप्त कागजातहरु तथा फिल्ड निरीक्षण समेत गरी समितिको राय/निष्कर्ष सहित १३औं नगर सभाबाट गठित समिति मार्फत ठहर हुन आउने क्षतिपूर्ति रकम एकिन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न पूर्वाधार विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ८**

नेपाल मगर बौद्ध सेवा समाज जिल्ला परिषद् कास्कीबाट बौद्ध विहार निर्माणको लागि पोखरा म.न.पा. वडा नं २१ स्थित मूलबन सामुदायिक वन क्षेत्रभित्र पर्ने कमेरोपानी(दोबिल्ला) को नक्सा सिट नं ०९४१०८१ कित्ता नं १६५६ को पर्ति जग्गा मध्ये पूर्व-खेल मैदान, पश्चिम- राना कृषि फार्म, उत्तर-मुख्य सडक, दक्षिण-रामु गिरीको घर यति चार किल्ला भित्रको १ रोपनी जग्गा माग भएको र नेपाल मगर बौद्ध सेवा समाज सामुहीक हितको लागि स्थापना भएको संस्था भएकोले वडा कार्यालयको सिफारिस, मुलबन सामुदायिक वन उपभोक्ता समूहको सिफारिस, प्राविधिक फिल्ड प्रतिवेदन बमोजिम सो संस्थालाई जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ९**

पोखरा महांनगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट आ.व. २०८१/८२ अन्तर्गतठेक्का प्रकिया मार्फत मिति २०८१/११/२० मा सम्झौता नै सञ्चालनमा रहेको गुठीवारी सडक स्तरोन्नति Upgrading of Guthibari Road,PMC-01 (Contract ID: 63/PMC/NCB/W/Purbadhar/081-82) योजनाको इस्टिमेट गर्ने समयमा कच्चीबाटोमा रहेको ढल/नाला पुरिई नदेखिएकोले तत्कालीन अवस्थामा footpath को चौडाई बढी राख्न सकिने गरी इस्टिमेट तयार भएकोमा निर्माणको चरणमा नालाको अवस्था ठिक रहेको पाइएको र नालामाथी paver राख्न उपयुक्त नहुने र उक्त ठाउँको आवश्यकता सम्झौता/इस्टिमेट भन्दा कम Quantity को paver र edging block ले पुरा गरी इस्टिमेट भन्दा कम Quantity खपत भै ठेक्का सम्झौता बमोजिम कार्यसम्पन्न नभएको देखिँदा ठेक्का सम्झौता बमोजिम कार्यसम्पन्न नभएता पनि सडक स्तरोन्नति तथा मर्मत सम्बन्धी उद्देश्य पुरा भएको र म्याद थप गरी थप कार्य गर्न समेत ठाउँ र समय समेत अभावका कारण हालसम्म भएको कार्यलाई नै पुरा मानी अन्तिम भुक्तानी गर्न मनासिव देखिएको भनी पूर्वाधार विकास महाशाखा र वडा कार्यालयबाट खरिद प्रक्रिया अन्त्य गर्न भएको सिफारिस बमोजिम सार्वजनिक खरिद नियमावलीको दफा १२७ (क) बमोजिम सुविस्ताको आधारमा खरिद प्रक्रिया अन्त्य गरी सम्पन्न कामको भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १०**

पोखरा महानगरपालिका वडा नं. २५ निवासी प्रस्तावक टिकाराम पौडेल, उमानाथ पौडेल, (मुकुन्द शर्मा र महोदत्त पौडेलद्धारा सोही वडाको कि नं. ४५१, ४५२, ४५३, ९२७ र ९२८ क्षे. फ. १०९१.१५ व. मी. (२ रोपनी ३ आना) जग्गा सम्याई कृषि प्रयोजनका लागि प्रयोग गर्ने र निस्कने निर्माणजन्य सामग्रीलाई रुद्र महादेव सप्लायर्सलाई विक्रि वितरण गर्ने उद्देश्यका साथ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची सम्बन्धमा पोखरा महानगरपालिका प्राविधिक समितिले स्थलगत निरिक्षण गरे पश्चात् समितिको बैठकमा छलफल हुँदा, उत्खनन् गर्ने भनिएको स्थान सेति नदीबाट नजिक रहेको, खानेपानीको मुख्य पाईप लाईनको क्रसिङ्ग नजिक रहेको, उचाई समेत धैरै भएको र पश्चिमतर्फ ठुलो भिर भएकोले वातावरणीय तथा सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त देखिएको भनी प्राविधिक समितिबाट सिफारिस भई आएको सम्बन्धमा छलफल हुँदा उत्खनन् अनुमति प्रदान गर्न नसकिने निर्णय गरियो।

**निर्णय नं. ११**

पोखरा महानगरपालिका वडा नं ३३ मा आ.व. २०८०/८१ मा सम्पन्न गर्ने गरी Construction of Chawadi Suraudi Khola Prestessed Bridge, को निर्माण कार्यका लागि मिति २०७८/११/२९ मा यस कार्यालय र Mrit Sanjiwani JV Pokhara वीच सम्झौता भएकोमा पुलको डिजाइनमा त्रुटी हुन गई निर्माण कार्य निर्माण व्यवसायीले पटक पटक काम' अवरुद्ध गरेको विषयका सम्बन्धमा DPR गर्ने Consultant र सम्बन्धित ठेकेदार लाई बारम्बार ताकेता,

पत्राचार, मौखिक निर्देशन र समन्वय गर्दा पनि दुवै पक्षबाट प्राप्त राय बाझिन आएकोले उक्त निर्माण कार्य सुचारु गर्न मिल्ने/नमिल्ने, खरिद प्रक्रिया तोड्ने/नतोड्ने विषयमा पूर्वाधार महाशाखा प्रमुखले पूर्वाधार विकास समितिमा Consultant र निर्माण व्यवसायी समेतको सहभागितामा छलफल गराई प्राप्त राय/सिफारिस बमोजिम Third Party Verification गराई पूर्वाधार विकास समिति मार्फत पेश गर्न पूर्वाधार विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२**

पोखरा महानगरपालिकाको मिति २०८१/१२/२५ गते सम्पन्न ४४औं कार्यपालिका बैठकले बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको परिच्छेद ६ दफा १६ मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको "बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने निर्णय गरियो। साथै आ.व. २०८२/८३ मा बालमैत्री कार्यक्रमहरु सञ्चालन गर्न महानगरपालिकाका कम्तिका ६ वटा वडाहरु छनौट गरी सामाजिक विकास समिति मार्फत पेश गर्ने सामाजिक विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**तपशिलः**

१. नगर प्रमुख- अध्यक्ष
२. नगर उप प्रमुख- उपाध्यक्ष
३. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
४. वडाअध्यक्ष (सबै)- सदस्य
५. नगर कार्यपालिका सदस्य (सबै)- सदस्य
६. महाशाखा/शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय- सदस्य
७. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघसंस्था मध्येबाट प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि- सदस्य
८. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि -सदस्य
९. नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि - सदस्य
१०.नगरपालिकास्तरीय बाल सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तिमा १ जना बालिका समेत) - सदस्य
११.महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये प्रमुखले तोकेको महिला प्रतिनिधि, (१ जना) - सदस्य
१२.महानगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना -सदस्य
१३.सामाजिक विकास महाशाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं. १३**

पोखरा महानगरपालिका वडा नं २९ को मिति २०८२/०५/०२ को पत्रबाट भएको सिफारिस बमोजिम पोखरा-२९ स्थित भण्डारढीकं बहुउद्धेश्यीय रंगशाला स्तरोन्नतिका लागि खेलकूद विकास मन्त्रालयबाट रु ३ करोड विनियोजन भएको, सो खेल मैदानमा प्यारापिट, कर्भडहल निर्माण अधुरो अवस्थामा रहेको र कर्भर्ड हलको डि.पि.आर.(DPR) तयार भईसकेकोले उक्त कभर्ड हल निर्माण लगायत भण्डारढीक बहुउद्धेश्यीय रंगशाला स्तरोन्नति गर्ने सम्बन्धमा वडा कार्यालयको सिफारिस र आवश्यक कागजात सहित आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

कृषि तथा पछुपन्छी विकास मन्त्रालयको च.न. ४३, मिति २०८२/०४/१८ गतेको पत्रबाट चाइनाको बेइजिङ्ग-जिनेनमा ८-१८ सेप्टेम्बर, २०२५ सम्म आयोजना हुने Capacity Building Program on Food Loss and Waste Reduction Across the Agriculture System तालिम कार्यक्रममा आयोजकबाटै आर्थिक दायित्व बहन गर्ने गरी आर्थिक विकास महाशाखा प्रमुख उप सचिव(दशौं) श्री मनहर कडरियालाई मनोनयन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ११३ र नियमावली, २०८० को नियम ११२ बमोजिम पोखरा महानगरपालिका तथा अन्तर्गत कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुबाट माग भएका निम्न बमोजिमका असाधारण विदा अनुमति स्वीकृत गर्ने निर्णय गरियोः

**तपशिलः**

| क्र.स | नामथर | पद/तह | विदाको किसिम | विदाको अवधि |
|---|---|---|---|---|
| १ | श्री सन्तोष सुवेदी | कृषि प्राविधिक सहायक (पाचौं) | असाधारण विदा | २०८२ श्रावण २५ गते देखि लागू हुने गरी २ बर्ष |
| २ | श्री विष्णु पौडेल | जनस्वास्थ्य निरीक्षक (शहरी स्वास्थ्य केन्द्र- वडा १८) | असाधारण विदा | २०८२ श्रावण ४ गते देखि लागू हुने गरी १ बर्ष |

**निर्णय नं. १६**

पोखरा महानगरपालिकामा ईन्जिनियर सातौं तहमा कार्यरत कर्मचारीहरु अमिर भण्डारी समेत ३ जनाले स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ९ उपदफा १ को व्यवस्था अनुकुल हुने गरी इन्जिनियर छैटौं तहमा बढुवा नियुक्ति मिति देखि नै ज्येष्ठता कायम गरिपाँउ भनी पेश गरेको निवेदन संस्थागत विकास तथा सुशासन समितिको राय/सिफारिस सहित कार्यपालिकामा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

पोखरा महानगर कार्यपालिकाबाट स्वीकृत भएको न्युनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७८ को दफा ९ मा कृषि उपजको गुणस्तर र मूल्य नगर कार्यपालिकाले तोकिए अनुसार हुने भएकोले आर्थिक विकास महाशाखाबाट पेश भएको तपशिल अनुसार बालीको न्युनतम समर्थन मूल्य तोक्ने निर्णय गरियो ।

## कृषि उपजको न्युनतम समर्थन मूल्य

| क्र. नं | कृषि उपजको नाम | स्वीकृत मूल्य प्रति केजी रु | क्र.स | कृषि उपजको नाम | स्वीकृत मूल्य प्रति केजी रु |
|---|---|---|---|---|---|
| १ | पोखरेली जेठोबुढो धान | ९५ | २० | प्याज | ४० |
| २ | मकै | ५५ | २१ | कार्प माछा | ३१५ |
| ३ | गहु | ६० | २२ | मह | ८२५ |
| ४ | कोदो | ९० | २३ | च्याउ कन्ये | १०८ |
| ५ | फापर | १३० | २४ | खुर्सानी अकबरे | १५० |
| ६ | कागुनो | १२० | २५ | गोब्रे च्याउ | २६० |
| ७ | तोरी | १८४ | २६ | भिण्डी | ३२ |
| ८ | काउली | २२ | २७ | भण्टा | २० |
| ९ | वन्दा | १६ | २८ | ब्रोकाउली | ३० |
| १० | रायो साग | १८ | २९ | मुला | १२ |
| ११ | गोलभेडा स्थानीय | ३७ | ३० | गाजर | ३० |
| १२ | सिमि | ५५ | ३१ | हरियो केराउ | ३८ |
| १३ | घिरौला | २० | ३२ | हरियो धनिया | ४० |
| १४ | काँक्रो | २२ | ३३ | क्याप्सिकम | ६५ |
| १५ | करेला | २१ | ३४ | फर्सि | १५ |
| १६ | आलु | ३३ | ३५ | लौका | २० |
| १७ | अदुवा | ४० | ३६ | सयपत्री फुल | ८० |
| १८ | खुर्सानी | ५५ | ३७ | तरबुजा | ३५ |
| १९ | लसुन | १४७ | | | |

**निर्णय नं. १८**

पोखरा महानगरपालिका वडा नं ३२ स्थित आपतकालिन रुपमा विपद् व्यवस्थापन कार्यका लागि ह्युमपाइप खरिद गर्न प्राविधिकबाट पेश भएको लगत अनुमान बमोजिम खरिद गरिएका ह्युमपाइपको खरिद बापतको रकम रु २० लाख विपद् व्यवस्थापन कोषबाट नियमानुसार भूक्तानी दिने सम्बन्धी विपद् व्यवस्थापन समितिको मिति २०८१/०६/३० (बैठक संख्या ११) को निर्णयका सम्बन्धमा थप छलफल गरी राय/सिफारिस सहित वातावरण तथा विपद् व्यवस्थापन समिति मार्फत आगामी कार्यपालिकामा पेश गर्न पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

पोखरा महानगरपालिका खर्च सञ्चालन निर्देशिका,२०८१ मा थप गर्नुपर्ने, संशोधन गर्नुपर्ने विषयहरु समेत समावेश गरी संशोधन गर्नुपर्ने तीन महले सहित विधायन समितिमा छलफल गरी आगामी कार्यपालिकामा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद्ले मिति ८ अगष्ट २०२५ को पत्रबाट आफ्नो कार्यालय भवन नभएको हुँदा सेवा प्रवाह तथा जनसम्पर्क कार्यमा कठिनाई भएको भनी साबिक कन्धनीडाँडा-४, हाल पोखरा म.न.पा. वडा नं २६ मा रहेको गुँदे ताल परिसर तालवेशीमा शान्ति प्रेमी आमा समूहको भवन सँगै रहेको तालवेशी ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन भएको स्थान नजिक कित्ता नं ७५४, क्षेत्रफल ४०३ रोपनी मध्ये पूर्वतर्फ कि.न. १९४ पश्चिमतर्फ कि.न. १४६ र १८५(ताल), उत्तरतर्फ कि.न. २९५, दक्षिणतर्फ कि.न. १८३ यति चार किल्ला भित्रको क्षेत्रफल ३ रोपनी ११ आना जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा २६ नं वडा कार्यालयको सिफारिस, प्राविधिक फिल्ड प्रतिवेदन बमोजिम सो संस्थालाई जग्गाको उपयोग र संरक्षण गर्न दिने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइदिन जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. २१**

राजश्व परामर्श समितिको मिति २०८२/०४/०१ को सिफारिस बमोजिम आ.व. २०८१/८२ मा स्वीकृत IEE ले तोकेको परिमाण अनुसार आर्थिक ऐन, २०८२ को दररेटले हुन आउने मूल्यलाई न्युनतम रकम कायम गरी राजश्व महाशाखाको प्रस्ताव बमोजिम विवादित बाहेकका १९ वटा घाटहरु मिति २०८२/०५/०३ को नगर प्रमुख स्तरीय निर्णयानुसार कार्यपालिकाको आगामी बैठकबाट अनुमोदन हुने गरी मिति २०८२/०५/०४ गते खुला विद्युतीय बोलपत्र आव्हान भएकोमा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**

पोखरा महानगरपालिकाबाट राजश्व संकलन गर्न महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत SUTRA राजश्व प्रणाली व्यवस्थित गरी करदाताको विवरण यथार्थपरक, त्रुटिरहित बनाई व्यवसाय कर, बहाल कर, सम्पत्तिकर समेतको विस्तार गर्न थप कर्मचारी परिचालन, तालिम सञ्चालन तथा अनुगमनमा खटिने कर्मचारीलाई प्रोत्साहान स्वरुप प्रोत्साहान भत्ता उपलब्ध गराउने सम्बन्धमा थप छलफल गर्न प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख र राजश्व महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २३**

पोखरा महानगरपालिकाबाट राजश्व संकलन गर्न महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत SUTRA राजश्व प्रणाली सञ्चालन भएकोमा पोखरा महानगरपालिकाबाट उक्त प्रणाली लागू भइसकेकोमा नयाँ प्रणालीमा साविकको प्रणालीको अभिलेख स्थानान्तरण (Transfer) नभएकोले साविकको प्रणाली (Softech Infosis) मा भवन प्रविष्टी भइसकेको भए सम्पन्न प्रमाणपत्र वा अभिलेखीकरण प्रमाणपत्र नभएतापनि उक्त विवरण सम्पत्ति कर प्रयोजनको लागि सुत्र (SUTRA) राजश्व प्रणालीमा प्रविष्टी गरी मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन राजश्व महाशाखालाई निर्देशन दिने निर्णय गरियो। साथै पोखरा महानगरपालिकामा गाभिएका गा.वि.स. बाहेकका क्षेत्रमा अवस्थित आर.सि.सि. भवनको घरबाटो सिफारिस (फुकुवा) प्रयोजनका लागि सम्पन्न प्रमाणपत्र वा अभिलेखिकरण प्रमाणपत्र अनिवार्य गर्ने साथै डिलभिर, नदीनाला तथा बाटोघाटोको मापदण्ड पुरा नगरी बनिसकेका संरचनाको हकमा प्राविधिकहरुबाट नापजाँच गरी आ.व. २०८२/८३ देखि सम्पत्ति करको दायरामा ल्याउने समेत निर्णय गरियो।

निर्णय नं. २४

एशियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने सहरी उत्थानशीलता तथा जीवनयापन सुधार परियोजना (Urban Resilience and Livability Improvement Project, URLIP)अन्तर्गत Disaster Risk Reduction (DRR) का लागि Emergency Operation Centre- EOC (आपतकालिन सञ्चालन केन्द्र) स्थापना गर्न साविक लेखनाथ नगरपालिकाको परिसरभित्र हाल पोखरा महानगरपालिका वडा नं २७ को कार्यालय भवनसँगै जोडिएको बढीमा ४ रोपनी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।